आ.व. ०७८। ०७९ को बैठक संख्या : ३।५९
समय : विहान १२.३० वजे

आज मिति २०७८ साल भाद्र १३ गतेका दिन विहान ११.३० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा वैठक बसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | |
| ४ | श्री कालि वहादुर वली | वडा अध्यक्ष | |
| ५ | श्री रति नेपाली | का.वा.वडा अध्यक्ष | |
| ६ | श्री खम्व जंग शाह | वडा अध्यक्ष | |
| ७ | श्री श्याम लाल जैसी | वडा अध्यक्ष | |
| ८ | श्री शसिराम वुढा | वडा अध्यक्ष | |
| ९ | श्री चन्द्र वहादुर शाही | वडा अध्यक्ष | |
| १० | श्री कर्ण वहादुर कार्की | वडा अध्यक्ष | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | |
| १२ | श्री ठकेन्द्र वहादुर राना | वडा अध्यक्ष | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १४ | श्री निम वहादुर भनारी | वडा अध्यक्ष | |
| १५ | श्री गोपाल वहादुर वटाला | वडा अध्यक्ष | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री अनिश शाह | ( नि.प्रमुख प्रशासकिय अधिकृत) | |
| | | | |

| | आमन्त्रित | | |
|---|---|---|---|
| २५. | श्री नवराज शर्मा | इन्जिनियर | |
| २६ | श्री रश्मि राई | रोजगार संयोजक | |
| २७ | श्री चण्डीका चौलागाई | | Chaulagain |
| २८ | श्री निर्मल डाँगी | सव.इन्जिनियर | |
| २९ | श्री कृति वहादुर थापा | सहायक पाँचौं | |
| ३० | श्री केदार वहादुर कार्की | सहायक चौथो | |
| ३१ | श्री श्रवण खनाल | आ.ले.प. सहायक | |

निर्णयहरूः

१. यस नगरपालिकामा नेपाल सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूलाई नगदै वितरण हुँदै आएकोमा भुक्तानी प्रक्रियालाई अझ व्यवस्थित पारदर्शि र प्रभावकारी तुल्याउन आ.व. २०७७।७८ देखि बैंकिङ प्रणाली मार्फत भुक्तानी गर्न नगर क्षेत्रमा सेवारत बैंकहरूमध्ये एन आई सि एशिया बैंक, सिटिजन बैंक, नेपाल बैंक तथा राष्ट्रिय वाणिज्य बैंकलाई वडागत रूपमा जिम्मेवारी तोकि सम्झौता गरिएको र सोही बमोजिम भत्ता वितरण भईरहेको अवस्थामा बालपोषण भत्ता बापतको रकम २०७८।३।२७ गते मात्र निकासा प्राप्त भई यस नगरपालिकाले मिति २०७८।३।२८ गते जिम्मेवारी तोकिएका सबै बैंकहरूका नाममा भुक्तानी आदेश नं. २५ बाट भुक्तानी पठाईएकोमा अन्य बैंकहरूले आदेश अनुसारको रकम भुक्तानी लिई वितरण गरिरहेको एन आई सि एशिया बैंकको नाममा खिचिएको चेक रकम रू ४७,२९,८१५।- अक्षेरूपी सत्चालिस लाख उनान्तिस हजार आठ सय पन्ध्र रूपैयाँ तोकिएको समयभित्र क्लियरिङ गर्न नसकी चेकको म्याद समाप्त भई सो रकम फ्रिज भएको र सो कारणले वडा नं. ४, ८, ९ र १० करिव ९४१ जना वालवालिकाहरू पोषण भत्ता पाउने अधिकारबाट बन्चित भई अन्यायमा परेको अवस्था र बैंकले पनि बदनियत तथा गलत नियत नराखि सामान्य मानवीय त्रुटीका कारण रकम फ्रिज भएको देखिएकोले कोष तथा लेखा नियन्त्रक कार्यालय जाजरकोटलाई उक्त भुक्तानी दिन बाँकी रकम निकासाको लागि म.ले.प.फा.नं.१८ प्रमाणिकरण तथा अन्य आवश्यक सहयोगका लागि अनुरोध गर्ने र उल्लेखित फ्रिज भएको रकम निकासाका लागि महालेखा नियन्त्रकको कार्यालय, पंजीकरण विभाग तथा अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

२. यस चालु आ.व. २०७८।७९ को स्वीकृत बार्षिक कार्यक्रम तोकिएको समयसिमाभित्र सम्पन्न गर्नका लागि बिशेष गरी भौतिक पूर्वाधार निर्माण सम्बन्धि योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन २०७८ भाद्र मसान्त, असोज मसान्तसम्म सर्वे तथा ल.ई. र कार्तिक मसान्तभित्र सम्झौता कार्य सम्पन्न गर्ने गरी प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

३. गत आ.व. २०७७।७८ मा कर्णाली प्रदेश सरकारको सशर्त अनुदान रू २० लाख र नगरपालिकाले रू ९ लाख गरी जम्मा रू २९ लाख र २० प्रतिशत स्थानीय श्रमदान गरी जम्मा रू ३५,१६,१६५।- लागत व्यहोर्ने गरी डिंगा वडालेख सडक निर्माणका लागि उक्त योजना निर्माण उपभोक्ता समिति र नगरपालिकाबीचमा मिति २०७७।९।२२ मा भएको र संझौता अनुसार कार्य सम्पन्न भई प्राविधिक मुल्याङकन अनुसार रू ३४,२१,०१५।- बरावरको काम भएकोमा रू ६,८४,१६०।- श्रमदान घटाउँदा कुल अनुदान रकम रू २७,३६,८५५।- मध्ये अग्रिम आयकर ३६,३९९।-, कन्टिन्जेन्सि ३ प्रतिशतले रू ८४,६४५।- र मु.अ.कर रू १,५७,४२९।- गरी रू २,७८,४०३।- कट्टी गरी उपभोक्ता समितिले खुद भुक्तानी पाउने रकम रू २४,५८,८४२।- भुक्तानी पाउनु पर्नेमा तत्काल रकम अपुग भई जम्मा रू रू. १७,४६,२४२।- अक्षेरूपी सत्र लाख छयालिस हजार दुई सय बयालिस रूपैयाँ मात्र भुक्तानी भएकोले भुक्तानी गर्न बाँकी रकम रू **७,१२,२१०।-** सात लाख बाह्र हजार दुई सय दश रूपैयाँ गत आ.व. को अल्या भई आएको रकमबाट भुक्तानी दिने ।

४. जिल्ला प्रहरी कार्यालय जाजरकोटको मिति २०७८।५।१३, च.नं. ६५ को प्राप्त पत्रानुसार प्रहरी कार्यालयसंग रहेका गाडी बिग्रिएर दैनिक गस्ती पट्रोलिङ्गमा समस्या भई मर्मत संभार गरिएको र उक्त गाडी मर्मत वापतको भुक्तानीका लागि रकम रू. १,९८,९३५।- भुक्तानी गरिदिनुहुन भनी बीलभरपाई संलग्न राखि अनुरोध भई आएकोले माग बमोजिमको उक्त रकम गत आ.व. २०७७।७८ मा मौज्दात रही अ.ल्या. भई आएको रकमबाट भुक्तानी दिने ।

५. आ.व. २०७७।७८ मा वडा नं. १ को घोयलनेटा प्रा.वि.को कम्पाउण्ड वाल प्लाष्टर तथा पिसिसि कार्यका लागि भएको सम्झौता अनुसार कार्य सम्पन्न भई बजेट अभावका कारण भुक्तानी हुन नसकेको मुल्याङकन बमोजिमको रू ६७ हजार गत आ.व. मा बाँकी भई अ.ल्या. भई आएको रकमबाट खर्च लेख्ने गरी भुक्तानी दिने ।

६. गत आ.व. २०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार वडा नं. ३ मा क्रियापुर्ति टहरा निर्माणका लागि २ लाख रकम बिनियोजन भएकोमा कन्टिन्जेन्सि रकम रू ६,०००।- बाहेक नगरपालिका अनुदान रू १,९४,०००।-, उपभोक्ता श्रमदान रू ४८,८४०।- गरी जम्मा रू २,४२,८४०।- मा निर्माण गर्ने गरी उपभोक्ता समिति र नगरपालिकाबीचमा सम्झौता भएको र सम्झौता बमोजिम कार्य सम्पन्न बील अनुसार भुक्तानी दिँदा ५३,०००।- रकम भुक्तानी दिन छुट हुन गएकोले उक्त रकम गत आ.व. २०७७।७८ मा मौज्दात रही अ.ल्या. भई आएको रकमबाट भुक्तानी दिने ।

७. गत आ.व. २०७७।७८ मा यस नगरपालिका र सडक बोर्ड नेपाल बीचमा सडक बोर्ड नेपालले रू २१ लाख, नगरपालिकाले समपुरक अनुदान रू ३,०२,०००।- र रू. ६,००,०००।- बरावर उपभोक्ताहरूको श्रमदान गरी जम्मा रू. ३०,०२,०००।- को लागतमा नगरपालिका क्षेत्रभित्र रहेका सडक मर्मत संभार गर्ने गरी भएको सम्झौता अनुसार कार्य भईसकेको र नगरपालिकाले उपलब्ध गराउनु पर्ने रकम भुक्तानी गर्न बाँकी रहेकोले भुक्तानी गर्न बाँकी रकम रू. ३,०२,०००।- गत आ.व. २०७७।७८ मा खर्च नभई बाँकी हुन आएको अ.ल्या. रकमबाट खर्च लेख्ने गरी भुक्तानी दिने ।

८. यस चालु आ.व. २०७८।७९ को बर्षा याम शुरू भई अत्यधिक रूपमा भईरहेको बर्षाका कारण बाढी पहिरो जाने उच्च जोखिम बढेको र निकट भविष्यमा आईपर्ने संभावित जोखिम न्यूनिकरण तथा रोकथामका लागि पूर्व तयारी स्वरूप कार्यालयबाट एच.डि.पि.ई. पाईप र ग्याविन जाली खरिद प्रक्रियामा रहकोले सामान खरिद भई कार्यालयमा दाखिला भईसकेपछि भुक्तानी दिनुपर्ने रकम ग्याविन जालीको रू २० लाख र पाईपको रू २० लाख गरी जम्मा रू ४० लाख गत आ.व. २०७७।७८ मा खर्च नभई बाँकी हुन आएको अ.ल्या. रकम विपद् व्यवस्थापन कोषमा रकमान्तरे गरी सोही कोषबाट भुक्तानी दिने ।

९. खलंगा पाँचकाटीया सडकको राङसि खण्डमा भिरालो र कम्जोर भुबनौटका कारण बारम्बार पहिरो गई सवारी आवागमन अबरूध्द भईरहने, दिर्घकालीन दृष्टिकोणले उक्त खण्ड जोखिम तथा प्राविधिक दृष्टिकोणले उपयुक्त नदेखिएकोले र सो खण्डको स्तरोन्नति कार्य समेत समस्याग्रस्त भएकोले उक्त खण्ड बाहेक प्राविधिक दृष्टिकोणले उपयुक्त स्थानबाट एलाईन्मेन्ट परिवर्तन गरी सड्क निर्माण (स्तरोन्नति) कार्य अगाडी बढाउन सडक डिभिजन कार्यालय चौरजहारीलाई अनुरोध गर्ने ।

१०. वडा नं. २ को झ्यालीखेतमा जेष्ठ नागरिकहरूको भजन किर्तन तथा विश्रामस्थल निर्माणका लागि प्राविधिक स्टिमेट तयार गरी आगामि कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने ।

११. भेरी नगरपालिका वडा नं. ४ को खानेपानी तथा सरसफाई मुल उपभोक्ता समितिले खानेपानी मर्मतका लागि ९० एम एम को २०० मिटर पोलिथिन पाईप माग गरेको हुँदा प्राविधिकको फिल्ड प्रतिवेदन तथा उक्त उपभोक्ता समितिको निर्णयको आधारमा पाईप उपलब्ध गराउने ।

१२. नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्यय, प्रतिवेदन तयार, स्वीकृत, प्रस्ताव

कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले भेरी नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ स्वीकृत गर्ने ।

१३. आकस्मिक रूपमा आईपर्ने बाढी, पहिरो, सडक दुर्घटना, आगोलागि जस्ता प्राकृतिक विपद् तथा विभिन्न रोगका महामारीको अवस्थामा विरामीहरूको तत्काल उध्दार कार्य गर्न र विपद्मा परेका पिडितहरूलाई तत्काल राहत वितरण गर्नका लागि केही स्थानीय तहमा हेलिप्याड निर्माण भईसकेको केही स्थानीय तहमा निर्माण भईरहेको र रात्रीकालीन समयमा उध्दारका लागि हेलिकप्टर बस्न सक्ने हेलिप्याड सुविधा जिल्लामा नै उपलब्ध नभएकोले जिल्ला तथा नगरवासि नागरिहरूले समयमै उपचार नपाई अकालमै ज्यान गुमाउन नपरोस भन्ने उध्देश्यले भेरी न.पा. वडा नं. ४ स्थित चन्दननाथ गण, मालिका व्यारेक हाताभित्र रहेको हेलिप्याडलाई नाईटल्यान्डिङ फ्यासिलिटी हेलिप्याडको रूपमा स्तरोन्नति गर्नका लागि नेपाली सेना, चन्दननाथ गण, मालिका व्यारेक, जाजरकोटको मिति २०७८।२।२८ गते, च.नं.११२५२।कार्य।७।२०७७।७८।७६ को पत्रसाथ प्राप्त प्रस्तावना बमोजिम नगर कार्यपालिकाको मिति २०७८।३।२ गतेको निर्णयानुसार रू १० लाख चालु आ.व.को विभिन्न शिर्षकमा विनियोजन भई खर्च हुन बाँकी रकम विपद् व्यवस्थापन कोषमा रकमान्तरण गरी सोही कोषबाट खर्च लेख्ने गरी मिति २०७८। । मा सम्झौता भई रू ४ लाख ५० हजार पेश्कि समेत उपलब्ध गराइएको र मुल्याङ्कन अनुसारको भुक्तानी दिन बाँकि रकम रू ४,५५,४४५।- गत आ.व. २०७७।७८ मा मौज्दात रही अ.ल्या. भई आएको रकमबाट भुक्तानी दिने ।

१४. सशस्त्र प्रहरी वल, विपद् व्यवस्थापन तालिम शिक्षालय, कुरिनटारको च.नं. २०७७।७८, १४०० मिति २०७८।३।३ गतेको प्राप्त पत्रानुसार उक्त शिक्षालयमा रहेका विभिन्न उध्दार सामग्रीहरूको नमुना प्रदर्शनि तथा शिक्षालयले गरेको विभिन्न उध्दारका गतिविधिहरूमा प्रयोग भएको र हुने सामग्रीहरू एवं त्यस्ता गतिविधिहरू झल्कने फोटो तथा भिडियो सहितको डिजिटल रेकर्ड प्रणाली बनाई आगन्तुकहरूलाई प्रदर्शन गर्न तथा अध्यन अध्यापनमा सहयोग हुने गरी निर्माणाधिन अभिलेख तथा प्रदर्शनी केन्द्रको लागि सहयोग गरिदिने भनी माग भई आएकोमा नगर कार्यपालिकाको मिति २०७८।३।२ गतेको निर्णय अनुसार सोही चालु आ.व.को विभिन्न शिर्षकमा विनियोजन भई खर्च हुन बाँकी रकमबाट आवश्यक सामग्री उपलब्ध गराउने भनी निर्णय भएकोमा रकम अपुग भई भुक्तानी नभएकोले भुक्तानीका लागि सम्पन्न कार्यको वील भरपाई सहित पत्र पेश हुन आएमा आ.व. २०७७।७८ मा मौज्दात रही अ.ल्या. भई आएको रकमबाट अधिकतम रू. ५ लाख भुक्तानी दिने ।

१५. गत आ.व. २०७७।७८ मा वडा नं. ६ मा ठुलोखोला माझगाउँ खानेपानी योजनाको रिजर्भ्वाएर ट्याङकि निर्माणका लागि उपभोक्ता समितिसंग भएको संझौता अनुसार कार्य सम्पन्न भई मुल्याङ्कन समेत भई भुक्तानी बाँकी रकम रू १,११,१५०।- रूपैयाँ अक्षेरूपी एक लाख एघार हजार एक पचास रूपैयाँ गत आ.व. २०७७।७८ मा मौज्दात रही अ.ल्या. भई आएको रकमबाट भुक्तानी दिने ।

१६. भरत कुमार शर्मा सहित पक्ष भएको यस नगरपालिकाको विरूध्दमा उच्च अदालत सुर्खेतमा दर्ता भएको रिट निवेदनका सम्बन्धमा नगरपालिकाको तर्फबाट बहस पैरवी गर्नका लागि कानून व्यवसायीको सेवा लिनु पर्ने भएकोले कानूनी परामर्श तथा बहसका लागि रू १ लाख गत आ.व. २०७७।७८ को अ.ल्या. भई आएको रकमबाट भुक्तानी दिने ।